# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/०४/१४ गते मंगलवार)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यस वित्तीय संस्थामा रिक्त निम्नलिखित पद खुल्ला प्रतियोगिताबाट पदपूर्ती गर्नुपर्ने भएकोले ईच्छुक योग्य उम्मेदवारहरुबाट मिति २०७६/०५/०२ गते कार्यालय समय भित्र यस संस्थाको क्षेत्रीय कार्यालय (बिर्तामोड फोन: ०२३-५४३२५२, बर्दिवास ०४४-५५०४८४, बिरगंज ०५१-५३१७४९ र अत्तरिया ०९१-५५१२६१) र केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौंमा आइपुग्ने गरी वित्तीय संस्थाले तोकेको ढाँचामा रितपूर्वक दरखास्त आव्हान गरिएकोछ ।

**विज्ञापन नं. ०१/२०७६/०७७ (खुल्ला)**

**पद:** सहायक व्यवस्थापक **आवश्यक पद संख्या:** ५ जना

**श्रेणी:** व्यवस्थापकीय श्रेणी **उमेर:** २१ वर्ष पुराभई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरहको उपाधि उत्तीर्ण गरेको वा स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट/ए.सि.सि.ए उत्तीर्ण भएको साथै संस्थामा सो तह भन्दा मुनि कम्तीमा २ वर्ष कार्यरत स्थायी कर्मचारीले स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ । (स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट/ए.सि.सि.ए.लाई प्राथमिकता दिईनेछ ।)

**विज्ञापन नं. ०२/२०७६/०७७ (खुल्ला)**

**पद:** कनिष्ठ सहायक **आवश्यक पद संख्या:** प्रदेश नं. १ बाट १० जना, प्रदेश नं. २ बाट १० जना र सुदुरपश्चिम प्रदेशबाट १० जना गरी **कुल ३० जना** ।

**श्रेणी:** सहायक श्रेणी **उमेर:** १८ वर्ष पुराभई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**न्यूनतम शैक्षिक योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण ।

**कनिष्ठ सहायक** पदको लागि उदयपुर, तेन्हथुम, सोलखुम्बु, संखुवासभा, खोटाङ्ग, ईलाम, पांचथर, झापा, सर्लाही, पर्सा, महोत्तरी, धनुषा, कैलाली, दार्चुला, डडेलधुरा, बाजुरा र अछाम जिल्लाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र सोही जिल्लावाट नागरिकता लिएको हुनु पर्नेछ ।

**परीक्षाको किसिम:** लिखित, फिल्ड अवधारणा र अन्तरवार्ता ।

**कार्य गर्नुपर्ने स्थान :** संस्थाले तोकेको कार्यालयमा ।

**सेवाशर्त:** ६ महिनाको तालिम अवधि र ६ महिना परिक्षणकाल पश्चात स्थायी हुने ।

**तलब सुविधा:** संस्थाको नियमानुसार (पूर्वसेवाकालीन तालिम अवधिमा तोकिएको तालिम भत्ता मात्र पाउने, अन्य कुनै सुविधा पाउने छैन ।)

**उल्लेखित पदको लागि:** दरखास्त फाराम यस संस्थाको Website: www.nirdhan.com.np/career बाट Download गरी भर्नु पर्नेछ ।

**दरखास्त दिने तरिका:** विज्ञापन नम्बर उल्लेख गरी तोकिएको ढाँचामा फाराम भर्नुपर्नेछ । फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि, हालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, यस संस्थामा सेवा गर्न चाहनुको बारेमा १ पेजको हस्तलिखित आलेख सहित निवेदन पेश गर्नु पर्नेछ ।

**छोटो सूची तयार गरिने:** प्राप्त दरखास्तहरु छानविन गरी छोटो सूची मिति २०७६ भाद्र मसान्तभित्र प्रकाशित गरिनेछ । सो सूची (Short listed) मा समावेस भएका उम्मेदवारहरुले परीक्षा दस्तुर व्यवस्थापकिय श्रेणीको रु.१,०००। र सहायक श्रेणीको रु.५००। बुझाई प्रवेश पत्र लिनु पर्नेछ । छोटो सूची प्रकाशन गरेको दिन परीक्षाको मिति, समय, स्थान र पाठ्यक्रम संस्थाको केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौंको सूचनापाटीमा र संस्थाको वेबसाईटमा समेत राखिनेछ । यो सूचना संस्थाको Website: www.nirdhan.com.np/career मा पनि राखिएको छ । कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

पदपूर्ति समिति

**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**

केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौं

फोन नं. ४४१३७११, ४४१३८४०, ४४१३७९४